STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ४ गते शुक्रबार ❑ 18 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## ग्रामीण भेगमा स्वास्थ्यकर्मी पठाउन थप प्रोत्साहन : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा ३ चैत**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशका सबै ठाउँमा सुलभ स्वास्थ्य सेवा प्रवाहका लागि सरकार क्रियाशील रहेको बताएका छन् ।

बागलुङको गलकोट नगरपालिका ५ हरिचौरमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको नवनिर्मित भवन उद्घाटनपछि मुख्यमन्त्री पोखरेलले जनशक्ति व्यवस्थापन अहिलेको मुख्य चुनौती रहेको बताए ।

कोरोनामहामारीकोनियन्त्रण र रोकथाममा स्वास्थ्यकर्मीले पुर्‍याएको योगदानको कदर गर्दै मुख्यमन्त्री पोखरेलले कोरोनाकै कारण प्रदेशको स्वास्थ्य संरचनामा सुधार भएको बताए । संरचनागत रुपमा भवनहरु भए पनि स्वास्थ्य उपकरण र जनशक्ति अभाव भएकोबारे आफू जानकार रहेको भन्दै उनले यो समस्या समाधानका लागि तत्काल पहल गर्ने प्रतिबद्धता जनाए । उनले भने, 'मुख्य सहरवाहेक अन्तका स्वास्थ्य संस्थामा विशेषज्ञ सेवा दिने चिकित्सक पुर्‍याउन सकिएको छैन, विशेष प्रोत्साहन दिएर भए पनि हामी उनीहरुदलाई ग्रामीण भेगामा पठाउँछौं ।'

सिमित स्रोत र साधनका बीच प्रदेश सरकारले भौतिक संरचनाका अतिरिक्त सामाजिक क्षेत्रमा समेत काम गर्दै आएको उनले सुनाए । स्वास्थ्य क्षेत्रलाई सुदृढ गर्नकै लागि स्वास्थ्य नीति जारी गरिएको र अब यसकै कार्यान्वयका लागि ऐन बनाउन लागिएको मुख्यमन्त्री पोखरेलले बताए । उनले भने, 'प्रदेशमा के कस्तो स्वास्थ्य नीति अपनाउनु पर्ने हो र कसरी नागरिकलाई सहज रुपमा स्वास्थ्य सुविधा दिन सकिन्छ भनेर हामी लागी परेका छौं ।'

हरिचौर स्वास्थ्य केन्द्रको स्तरोन्नती गरी नगर अस्पताल घोषणा गरिए पनि कार्यन्वयनमा आउन नसकेको गुनासो संवोधन गर्दै उनले पोखरा फर्के लगत्तै यसबारेमा आफूले चासो दिने प्रतिबद्धता जनाए । गलकोट क्षेत्रको विकासका लागि प्रदेश सरकारले यथासक्य काम गर्दै आएको भन्दै मुख्यमन्त्री पोखरेलले प्रदेशको क्षमता अनुसार काम गर्दै आएको भनाइ राखे ।

कार्यक्रममा प्रदेश सभा सदस्य एवं राष्ट्रिय जनमोर्चाकी नेतृ पियारी थापाले नेपालको शैक्षिक प्रणालीकै कारण स्वास्थ्य क्षेत्रमा पर्याप्त जनशक्ति पाउन नसकिएको भनाइ राखिन् । गलकोट नगरपालिकाका मेयर भरत शर्मा गैरैले करिब ४ वर्षको अवधिमा स्थानीय सरकारले सक्दो काम भन्दैयसकोमूल्यांकननागरिकले गर्ने बताए । अस्पतालको स्तरोन्नती र सञ्चालनका लागि कार्यापालिकाबाट निर्णय गरे पनि प्रदेश र संघका कार्यालयमा पुग्दा अलमल हुने गरेको उनले सुनाए । उपमेयर रेनुकुमारी काउचा मगरले सिमित स्रोत र साधनका बीच पनि आफूहरुले कार्यसम्पादन गर्दै आएको बताइन् । ३

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा होली पर्व मनाइयो

**पोखरापत्र संवाददाता**
**पोखरा ३ चैत**

पोखरामा यस बर्ष विभिन्न संघ संस्था तथा व्यक्तिहरुले हर्स र उल्लाहासका साथ होली पर्व मनाएका छन् ।

रेवान पोखराले आयोजना गरेको होली महोत्सवमा आन्तरिक तथा बाह्यि पर्यटकहरुले हर्स र उल्लाहासका साथ होली पर्ब मनाएका हुन्। गत बर्ष कोरोनाले गर्दा प्रभावित भएको होली पर्व यसपाली भने अघिल्ला बर्ष झै तामझामका साथ होली महोत्सव मनाइएको रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले बताए । एक आपसमा रङ्ग दलेर शुभकामना साटासाट गर्दै मनाइने होली पर्वका अवसरमा रेवानले वर्षेनी गर्दै आएको महोत्सवलाई यसपाली कोरोना शंक्रमण दर घटेसंगै उक्र महोत्सवलाई निरन्तरता दिएको उनले जनाए । विहिबार हुने उक्त महोत्समा स्वदेशी, विदेशी पर्यटक, पर्यटन सम्बद्ध संघसंस्था, प्रशासनिक निकायका प्रतिधिनी, स्थानिय आमा, युवा समुह लगायतको बाक्लो सहभागिता रहेको अध्यक्ष बरालले बताए । पोखराको लेकसाइडमा आन्तरिक र पोखरा क्षेत्रका पर्यटकहरु लेकसाइड मै पुग्दा टफिक प्रहरीलाई समेत व्यबस्थापन गर्न हम्मे हम्मे भएको थियो । 'दिउँसो अम्मटबाट बाजागाजा सहित खहरे चोकसम्म होली खेल्दै पुगिएको थियो भने पोखराको सेन्टर प्वाइन्टमा पप कन्सर्ट समेत भएको थियो । महोत्सवको प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड रहेको थियो । यसैबिच स्थानिय प्रशासनले कसैको इच्छा विपरित विभिन्न ढंगले रग तथा लोला हान्ने गरेमा कारवाही हुने चेतावनी समेत दिएको छ । कोरोनाले गर्दा यस पाली विदेशी पर्यटकको सङ्ख्या न्यून रहेको पर्यटन व्यवसायीहरुले बताएका छन् । यसैबिच विहिबार पोखरा रंगशालामा पनि विभिन्न खेलकुद तथा सांस्कृतिक कार्यक्रम आयोजना भएको राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले बताए । राष्ट्रिय खेलकुद परिषद र पत्रकार बिच भएको मैत्रिपूर्ण खेलमा राखेप विजयी भएको छ । नेपाल पत्रकार महासंघ कास्की शाखाले पनि आफ्नो परिसरमा होली पर्व मनाएको सचिव माधव बरालले बताए ।



## देशकै दोस्रो ठूलो सबस्टेशन सञ्चालनमा

**रासस**
**काठमाडौं ३ चैत**

जलविद्युत् आयोजना निर्माण गरेर मात्रै हुँदैन । त्यसका लागि प्रसारण लाइन सबस्टेशनको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तत्काल एमालेसँग गठबन्धनको सम्भावना छैन : अध्यक्ष प्रचण्ड

**रासस**
**काठमाडौं ३ चैत**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी चुनावमा गठबन्धन होला र जितौँला भन्ने मनस्थितिमा नबस्न कार्यकर्तालाई आग्रह गर्नुभएको छ ।

उहाँले चुनावमा आफ्नै सङ्गठनलाई बलियो बनाएर जानुपर्ने र आफ्नै तागतमा जनताको मन जित्ने कुरालाई पहिलो प्राथमिकतामा राख्नसमेत कार्यकर्तालाई आग्रह गर्नुभएको छ । प्रेस सङ्गठन लुम्बिनीद्वारा बिहीबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष दाहालले आगामी वैशाख ३० मा स्थानीय तहको निर्वाचन हुनेमा ढुक्क हुन आग्रह गर्नुभयो । उहाँले निर्वाचनमा तालमेल गर्ने र अधिकतम परिणाम निकाल्ने कुरालाई सहायक प्राथमिकतामा राखेर निर्वाचन तयारीमा लाग्न आग्रह गर्दै निर्वाचनका बारेमा कुनै आशङ्का नगर्नसमेत आग्रह गर्नुभयो ।

अध्यक्ष दाहालले सरकारमा सहभागी पाँचदलीय गठबन्धन नै निर्वाचनसम्म जोगाएर लैजाने पक्षमा रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अहिले हामी गठबन्धनमा छौँ । तत्काल एमालेसँग गठबन्धनको सम्भावना छैन ।" पूर्वप्रधानमन्त्री दाहालले कांग्रेसका केही नेताले माओवादीसँग गठबन्धन हुँदैन भने पनि प्रधानमन्त्री देउवाले भने यो गठबन्धनलाई बचाएर लैजाने पक्षमा रहेको रहेको जनाउँदै भन्नुभयो, "कांग्रेसले लखेट्न थाल्यो भने परिस्थिति के हुन्छ भन्न सकिन्न ।"

उहाँले चुनाव हुन्छ वा हुँदैन भन्ने आशङ्का अवस्था अझै व्याप्त रहेको जनाउँदै आफूहरु चुनावको तयारीमा पूरै तागत लगाएर गइसकेको बताउनुभयो । पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठसहितका नेतासँगै पत्रकार सम्मेलनमा आउनुभएका अध्यक्ष दाहालले पार्टीभित्र एमसिसीका कारण उत्पन्न विवाद समाधान भइसकेको र आफूहरु एकढिक्का भएर चुनावी अभियानमा हिँडिरहेको बताउनुभयो ।

## 'कालीगण्डकी नदी छिट्टै विश्व सम्पदा सूचीमा'

**पोखरापत्र संवाददाता**
**पोखरा ३ चैत (रासस)**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले धार्मिक एवं सांस्कृतिक महत्व बोकेको कालीगण्डकी नदीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिने बताएका छन् ।

स्याङ्जाको चापाकोट नगरपालिका ८, खोरियाघाटमा जगदगुरु अनन्त श्री विभुषित श्री बालसन्त मोहनशरण देवाचार्य महाराजश्रीद्वारा जगदगुरु श्री निम्बार्काचार्य भगवान, विरचित बेदान्त दशश्लोकी माथि दार्शिनिक प्रवचनमा पोखरेलले यसका लागि युनेस्कोसँग समन्वय गरिएको जानकारी गराएका छन् । रामदी नजिकै डाइभर्सन बनाएर कालीगण्डकीको पानी तिनाउमा मिसाउन संघ सरकारको आयोजना कुनै हालतमा हुन नदिने पनि उनले प्रतिबद्धता जनाएका छन् । उनले भने, 'कालीगण्डकी नदी अन्य नदीजस्तो होइन, यसको छुट्टै महत्व र विशेषता छ, कालीगण्डकी हाम्रो सभ्यता, आस्था, भावना र शालिग्रामसँग जोडिएको छ ।'

विश्वको इतिहासको अध्ययन गरिरहेका पश्चिमाहरुले समेत अहिले शालिग्रामलाई आधार मानेर अनुसन्धान गरिहेको उनले सुनाए । गण्डकी प्रदेश सभामा यसअघि नेपाली कांग्रेस प्रतिपक्षमा रहँदा पनि डाइभर्सनको विरोधमा आवाज उठाएको स्मरण गर्दै अहिले सरकारमा रहँदा पनि सशक्त विरोध गरिरहेको उनको भनाइ थियो । कालीगण्डकी डाइभर्सनका लागि बुटवलमा कार्यालय खोलेपछि गण्डकी प्रदेश सरकारले वृहत भेला डाकेर प्रदेशको साझा धारणा समेत गत असारमा सार्वजनिक गरिसकेको छ । त्यसलगत्तै सरकारले कालीगण्डकीको धार्मिक, सांस्कृतिक, सामाजिकका साथै आर्थिक महत्वका साथै सम्भाव्यताका बारेमा अध्ययन गर्न समिति पनि गठन गरेको छ । प्रदेश नीति तथा योजना आयोगको सदस्य डा. सुवास अधिकारी संयोजक रहेको टोलीले अब केही दिनमा अन्तिम प्रतिवेदन बुझाउने मुख्यमन्त्री पोखरेलले बताए ।

गण्डकी प्रदेशको समृद्धिको मुख्य आधार पर्यटन रहेको भन्दै उनले यसमा धार्मिक पर्यटन महत्वपूर्ण पाटो रहेको भनाइ राखे । दक्षिणको गजेन्द्रमोक्ष धामदेखिउत्तरदामोदरकुण्डसम्मका तीर्थस्थललाई धार्मिक करिडोरमार्फत जोडेर लैजानुपर्ने उनको भनाइ थियो ।

स्याङ्जाको चापाकोटमा पहिलोपटक पुगेका मुख्यमन्त्री पोखरेलले चापाकोट मात्र नभएर कालीगण्डकी उपत्यकाको समग्र विकासका लागि एकीकृत योजना ल्याउने प्रतिबद्धता जनाए । स्थानीयको माग सम्बोधन गर्दै उनले चापाकोट र पाल्पाको रामपुर जोड्ने पक्की पुल, साथै ज्याग्दीखोलामा समेत पुलको योजना आगामी बजेटमा समावेश गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा गण्डकी प्रदेशसभामा नेपाली कांग्रेसका सचेतक भागवतप्रकाश मल्लले चापाकोट र आसपासका क्षेत्रको विकासका लागि आफूले हरसम्भव प्रयास गर्दै आएको बताए । आफ्नो निर्वाचन क्षेत्रका २६ वटै वडामा समानुपातिक रुपमा योजना परेको भन्दै चुनावमा प्रतिबद्धता जनाए अनुसारका वाचा पूरा गरेरै छाड्ने भनाइ राखे ।

कार्यक्रममा चापाकोट नगरपालिकाका मेयर शिव गिरीले झण्डै ५ वर्षको अवधिमा स्थानीय सरकारले नगरपालिकको मुहार फेर्ने काम गरेको बताए । उक्त अवसरमा नगरपालिका उपमेयर विमला श्रेष्ठ, नेपाली कांग्रेस स्याङ्जा सचिव गुरुप्रसाद भट्टराई, मन्दिर व्यवस्थापन समिति अध्यक्ष भोजराज भण्डारी, स्थानीय रोहित विक, नवीन काफ्ले, गोकर्णप्रसाद भट्टराई लगायतले विकास निर्माणको आवश्यकताका बारेमा भनाइ राखेका थिए ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा नृत्यको अनुसन्धान जारी

**पोखरापत्र संवाददाता**
**पोखरा ३ चैत (रासस)**



गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा गण्डकी प्रदेशका विभिन्न जातीको नृत्यको बारेमा यतिबेला अनुसन्धान भइरहेको छ।

गत माघ १ गतेबाट सुरु भएको अनुसन्धान कार्य चैत्र मसान्त भित्र सक्ने तयारी गरिएको गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति तथा अध्ययन अनुसन्धान उपसमिति संयोजक गोरे गुरुङले जानकारी दिनुभयो । जसका लागि अनुसन्धान कर्ताहरु अहिले गण्डकी प्रदेशका विभिन्न जिल्लामा पुग्नुभएको छ । अध्ययन अनुसन्धान उपसमिति संयोजक गुरुङले अनुसन्धानकर्ताले आगामी चैत्र ३० गते भित्रमा अनुसन्धान प्रतिवेदन सहितको सामाग्री बुझाउनुपर्ने गरेर समय निर्धारण गरिएको बताउनुभयो।

अनुसन्धानकर्ता मार्फत अक्षर र भिडियो समेतका जानकारीहरु संकलन गरिरहेको गुरुङको भनाई छ। 'अनुसन्धानकर्ता मार्फत अक्षर र भिडियो समेतको जानकारी संकलन भइरहको छ, भिडियो लाइवेरिमा राखिनेछ' उहाँले भन्नुभयो।

यो वर्ष सबै जातीलाई समेट्न नसकेपनि बाँकी जातीलाई क्रमैसँग अर्कोवर्ष छनोट गर्दै अनुसन्धान गरिने प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले बताउनुभयो । अनुसन्धान आफैमा ऐतिहासिक पाटो भएको तथा प्रतिष्ठान स्थापनाको छोटों समयमा थोरै बजेटमा यो वर्ष कम्तीमा ३० वटा लोपउन्मुख नृत्यको अनुसन्धान र छायांनकान गर्न लागिएको उहाँले खुलाउनुभयो। यसरी छायाकंन गर्ने नृत्यहरू २३ मिनेट देखी २ घण्टा ५८ मिनेट सम्मका हुने भनाई उहाँको छ। लोपोन्मुख नृत्यको संरक्षण गर्दै नयाँ पिंडीलाई यस्ता नृत्यबारे जानकारी दिनको लागि यो कार्य गरिएको सदस्य सचिव श्रेष्ठले बताउनुभयो । 'अब हामी श्रब्य दृश्य कक्ष तयार गर्ने छौ जहां हामीले अनुसन्धान बाट प्राप्त गरेका यथार्थ कुराहरू नया पिंडीलाई देखाउने छौ' उहाँले भन्नुभयो।यो अनुसन्धान कार्यको लागि १४ जना अनुसन्धानकर्ता छनोट हुनुभएको थियो । तीनै अनुसन्धानकर्ता मार्फत यतिबेला प्रदेशका विभिन्न जातीका लोक नृत्यको बारेमा अनुसन्धान गरेर त्यस्ता नृत्यको भिडियो छायाकंन गर्ने कार्य भइरहेको हो। छनोट हुनुभएको अनुसन्धानकर्तामा थकाली जातीको लागि ज्योति भट्टचन, कुमाल जातीको लागि इश्वर कुमाल, छन्त्याल जातीको लागि हरिचन छन्त्याल, माझी जातीको लागि नम्रता केसी, गुरुङ जातीको लागि तेज बहादुर गुरुङ, मगर जातीको लागि मनोज घर्ती मगर, थारु जातीको लागि डा. विष्णु कुमार सिञ्जाली रहनुभएको छ ।

यसैगरी दरै जातीको लागि राज कुमार दरै, तामाङ जातीको लागि कुमार तामाङ, दुरा जातीको लागि लाल बहादुर भुजेल, ब्राम्हण तथा क्षेत्री जातीको लागि खगराज शर्मा, नेवार जातीको लागि रमेश लिगल, दमाई जातीको लागि बसन्त खनाल र गन्धर्व जातीको लागि डा.तुलसी राम खनालले अनुसन्धानकर्ताको जिम्मेवारी पाउनुभएको छ। यता मनोज घर्तिमगरद्धारा लिखित मगर इतिहास पुस्तक प्रकाशनको अन्तिम तयारीमा समेत गण्डकी प्रज्ञा प्रतिष्ठान रहेको उपकुलपति गुरुङले जानकारी दिनुभयो।

## देशकै...

पनि उत्तिकै आवश्यकता पर्दछ । प्रसारण प्रणालीको निर्माणपछि मात्रै जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली सबस्टेशन भएर तपाईं हाम्रो घर-घरमा आइपुग्छ । उद्योग कलकारखानामा पुग्छ।

पछिल्ला दिनमा सरकारले जलविद्युत् आयोजनाको निर्माणसँगै प्रसारण प्रणाली र सबस्टेशन निर्माणमा पनि उत्तिकै ध्यान दिएको छ । देशभित्र उत्पादित बिजुली देशभित्रै खपत गराउने उद्देश्यका साथ सरकारले अनेकन प्रयास गरिरहेको छ । देशभित्र हाल ४०० केभी क्षमताको ढल्केबर सबस्टेशन निर्माणपछि सञ्चालनमा आइसकेको छ। सोही क्रममा देशकै अर्को दोस्रो ठूलो सबस्टेशन आगामी शनिबार उद्घाटन गर्ने कार्यक्रम छ। प्रधानमन्त्री शेरबहादुर देउवाले शनिबार सो सबस्टेशनको उद्घाटन गर्ने कार्यक्रम रहेको नेपाल विद्युत् प्राधिकरणले जानकारी दिएको छ। सो सबस्टेशनलाई प्राधिकरणले न्यूखिम्ती नाम दिएको छ । रामेछापको मन्थली नगरपालिका-१३ देवीटारमा निर्माण भएको सबस्टेशनले दोलखाको गोंगरबाट आएको डबल सर्किट २२० केभी क्षमताको प्रसारण लाइनलाई ढल्केबरसम्म जोडेको छ। सोही सबस्टेशन हुँदै १३२ केभी क्षमतामार्फत काठमाडौँ जोडिएको छ । सबस्टेशनमा १०० एमभिए क्षमताको ट्रान्सफर्मर जडान गरिएको छ । सो सबस्टेशनबाट धनुषाको ढल्केबरमा बिजुली प्रवाह भइरहेको छ। ढल्केबरपछिको यो दोसो ठूलो सबस्टेशन भएको प्राधिकरणको भनाइ छ । प्राधिकरणका अनुसार ढल्केबरमा १३२, २२० र ४०० केभी क्षमताका तीनवटा सबस्टेशन सञ्चालनमा छन् । न्यूखिम्ती सबस्टेशनका इलेक्ट्रिकल इञ्जीनियर प्रदीप दाहालका अनुसार शनिबार प्रधानमन्त्रीबाट हुने उद्घाटनको कार्यक्रमको तयारी पूरा भएको छ। विसं २०७५ देखि निर्माण सुरु भएको सो सबस्टेशन गत असारमा निर्माण सम्पन्न भएको हो। सुरुआती लागत रु एक अर्ब ५० करोड बराबर भएपछि प्राकृतिक विपत्ति, कोरोना त्रासलगायतका अन्य कारणले गर्दा थप केही 'भेरियसन' भएको छ।

नयाँखिम्ती सबस्टेशनमा ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको बिजुली जोडिएको छ। यस्तै ५२.४ मेगावाट क्षमताको लिखु दोस्रो र २४.१ मेगावाट क्षमताको लिखु ए जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली जोडिएको छ । यस्तै गर्ज्याङ हाइड्रोपावर, खिम्ती-२ को बिजुलीसमेत सोही सबस्टेशनमा जोडिनेछ । हालको क्षमताअनुसार सो सबस्टशेनमा कूल ९०० मेगावाट बराबर बिजुली जोड्न सकिने फोरम्यान सिभिल विश्वासकुमार भण्डारीले जानकारी दिनुभयो।

रामेछाप, दोलखालगायतका जिल्लामा निर्माण सम्पन्न भएका र निर्माणमा जाने तयारीमा रहेका आयोजनाको बिजुली जोडिने भएकाले सो सबस्टेशन प्राधिकरणको भाषामा हब सबस्टेशनका रूपमा विकास हुनेछ। गत साउनको अन्तिम साता सो सबस्टेशन चार्ज गरिएको थियो। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोसीको बिजुली देशभर उपलब्ध गराउनका लागि महत्वपूर्ण मानिएको सो सबस्टेशनको सञ्चालनपछि बिजुली प्रवाहमा थप सहजता उत्पन्न हुने विश्वास प्राधिकरणले व्यक्त गरेको छ। माथिल्लो तामाकोसीको झण्डै एक अर्ब युनिट बिजुली सोही सबस्टेशन भएर प्रवाह भइसकेको छ। सबस्टेशनमा चारवटा पावर ट्रान्सफर्मर जडान भएका छन् । जडान भएका ट्रान्सफर्मरमध्ये तीनवटा नियमित सञ्चालनमा ल्याइने र एउटा भने जगेडामा रहनेछ। सरकारको विशेष चासोका साथ मार्गदर्शन, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको नियमित अनुगमनपछि आयोजना सम्पन्न भएको न्यूखिम्ती सबस्टेशनका कर्मचारीको भनाइ छ। "काम सम्पन्न हुँदा असाध्यै खुसी लागेको छ। त्यसमाथि प्रधानमन्त्रीले नै उद्घाटन गर्न लाग्नुभएकाले हामीले गरेको कामप्रति अझै गौरवको महसुस भएको छ", इलेक्ट्रिकल इञ्जीनियर दाहालले भन्नुभयो।

# प्रदेश प्रमुख गुरुङद्वारा फागु पर्वको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा ३ चैत**

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले जातीय तथा धार्मिक सांस्कृति विविधयुक्त हाम्रो मुलुकमा सबै नेपालीले खुसी र हर्षोल्लासपूर्वक होली पर्व मनाउँदै आएको बताउनुभएको छ।

प्रदेश प्रमुख गुरुङले एक प्रेस विज्ञप्तिमार्फत फागु पूर्णिमाको शुभकामना व्यक्त गर्दै यस पर्वले सबै नेपालीमा खुसीका रङ छर्दै मौलिक संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न प्रेरण मिल्ने विश्वास व्यक्त गर्नुभएको छ। सन्देशमा उहाँले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।



कफी टिप्दै : कास्कीको मादी गाउँपालिका-५ थाम गाउँमा आफ्नो बारीमा लगाएको कफी टिप्दै ७० वार्षिया सुनसरी गुरुङ। तस्वीर : राधिका कँडेल, रासस

# धमाधम उडान विस्तार गर्दैं नेपाल एयरलाइन्स

**रासस**
**काठमाडौं ३ चैत**

राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले कोभिड-१९ महामारीका कारण उडान स्थगित भएका गन्तव्यमा धमाधम उडान विस्तार गरिरहेको छ।

महामारीको जोखिम कम भएसँगै सबैजसो क्षेत्र सहज बनेपछि नेपाल एयरलाइन्सले महामारीअघि उडान सेवा दिइरहेका गन्तव्यमा पुनः उडान सुरु गरेको हो । नेपाल एयरलाइन्सले दुई वर्षको अन्तरालपछि भारतको मुम्बई र बैङ्लोरमा पुनः उडान गर्ने घोषणा गरिसेको छ । निगमले आगामी मार्च २१ देखि बैङ्लोर र मार्च २९ तारिखदेखि मुम्बईमा उडान गर्ने तयारी गरेको छ।

बैंङ्लोरमा साताको मङ्गलबार, बिहिबार र शनिबार उडान सञ्चालन हुनेछ भने मुम्बईमा बुधबार, शुक्रबार र आइतबार उडान गरिनेछ।

महामारीको असहज अवस्थामा पनि नियमित उडान भइरहेको भारतको नयाँ दिल्ली गन्तव्यमा पनि गत फागुन ३० देखि दैनिक दुई उडान भइरहेको छ । भारतले आफ्ना सबै प्रकारका व्यावसायिक उडान खुला गरेसँगै नेपाल एयरलाइन्सले दिल्लीमा दैनिक दुई उडान गरिरहेको हो।

नेपाल एयरलाइन्सले जापानको नारितामा साताको दुई दिन उडान गर्ने गरी आवश्यक तयारी गरिरहेको छ । कोभिड महामारीका कारण उडान स्थगन भएको यो गन्तव्यमा निगमले पुनः उडान सञ्चालन गर्न लागेको हो। निगमले जापानको नारितामा साताको दुई उडान गर्ने निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिनुभयो।

नारिता विमानस्थलमा अप्रिल १ देखि उडान गर्नेगरी तयारी भइरहेको हो। निगमका प्रवक्ता अड्काले कोभिड महामारी पूर्वका सबैजसो गन्तव्यमा पुनः उडान विस्तार गरेर नेपाल एयरलाइन्स उडान सेवामा पूर्ववत लयमा फर्किएको उल्लेख गर्नुभयो । नेपाल एयरलाइन्सले नारितामा अप्रिल १ देखि साताको मङ्गलबार र शुक्रबार उडान गर्नेगरी नयाँ तालिका सार्वजनिक गरिसकेको छ। अहिले नारितामा शुक्रबार मात्र उडान भइरहेको छ। हाल नारितामा साताको एक दिन शुक्रबार मात्रै उडान भइरहेको छ। नेपाल एयरलाइन्सले सात देशका नौ गन्तव्यमा उडान गर्दै आएको छ । नेपाल एयरलाइन्सले थाइल्याण्डको राजधानी बैंकक गन्तव्यमा पनि साताको दुई उडान सञ्चालन गर्ने भएको छ। यसअघि सातामा एक मात्रै उडान गरिरहेको नेपाल एयरलाइन्सले आगामी चैत ७ देखि सातामा दुई उडान गर्ने तयारी गरेको हो।

## ग्रामीण...

बेडका लागि स्वीकृति पाएको भए पनि अहिले अस्पतालमा १५ बेड चालु छ। ८ रोपनी जमिनमा ७ करोड लगानीमा स्वास्थ्य केन्द्रको भवन निर्माण भएको हो । २ जना मेडिकल अधिकृतसहित १४ कर्मचारी कार्यरत संस्थामा मासिक १२ सयको हाराहारिमा बिरामी उपचारका लागि आउने गरेका छन् । मेडिकल अधिकृत डा. सन्देश मल्लले अहिले स्वास्थ्य केन्द्रमा एक्सरे, एम्बुलेन्स, इसिजी, ल्याबसहित २४ सै घन्टा इमरजेन्सी सेवा सञ्चालन हुँदै आएको बताए। जनशक्तिको अभावमा ल्याब २४ सै घन्टा सञ्चालन गर्न नसकिएको भन्दै उनले एक्सरे मेसिन सञ्चालन कार्यालय सहयोगीले गर्नुपर्ने अवस्था रहेको सुनाए। गलकोट सेवा जापानले स्वास्थ्य केन्द्रलाई आधुनिक एक्सरे मेसिन प्रदान गरेको छ । कार्यक्रममा धवलागिरी अञ्चल अस्पतालका पूर्व अध्यक्ष एवं नेपाली कांग्रेसका नेता मञ्जेशबम मल्ल, संविधान सभा सदस्य पूर्णबहादुर राना, सामुदायिक सेवा केन्द्र अध्यक्ष मञ्जु शर्मा चालिसे, जनमोर्चाका नेता टंकबहादुर केसी, वडा नम्बर ६ का वडाध्यक्ष नरबहादुर खत्री, अस्पताल व्यवस्थापन समिति उपाध्यक्ष कमला ढकाल लगायतले शुभकामना व्यक्त गरे।

उक्त अवसरमा स्वास्थ्य केन्द्र व्यवस्थापन समिति अध्यक्ष नारायणध्वज मल्ल, प्रमुख प्रशासकीय अधिकृत तुलबहादुर विकले स्वास्थ्य सेवाको अवस्थाका बारेमा भनाइ राखेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईंमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# आचारसंहिता कार्यान्वयन होस

निर्वाचन आयोगले आगामी बैशाख ३० गते हुनेछ स्थानीय तहको निर्वाचनका लागि आचारसंहिता २०७८ जारी गरेको छ। आचार संहिता संघ, प्रदेश, स्थानीय सरकारलाई लागू हुनेछ । सरकारी अधिकारीदेखि मतदातासम्मलाई लागू हुनेछ । बिहीबार राजपत्रमा आचारसंहिता प्रकाशित भएको छाकहिलेदेखि लागू हुने उल्लेख्य नभएपनि चैत तेस्रो सातादेखि कार्यान्वयनमा आउने संभावना रहेको छ । आचारसंहिता कार्यान्वयन हुन सकेमा निर्वाचनलाई स्वस्थ, मर्यादित बनाउन सक्नेछ । एक भन्दा बढी राजनीतिक दल, उम्मेदवार वा दलको भातृ संगठनले एकै समयमा एकै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नपाइने बनाइएको छाभ्कगडाको बीउ नै एकैपटक एकै ठाउँमा कार्यक्रममा राखेपछि हुनेगरेको छ ।

सार्वजनिक भवन, सार्वजनिक सडकका पोल वा कुनै सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न पाइनेछैन् । जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा प्रचार प्रसारका कार्यक्रम बिहान आठ बजेदेखि साँझ सात बजेसम्म मात्र गर्न पाइनेछ । निर्वाचन प्रसार प्रचारमा १८ वर्ष मुनिका बालबालिकालाई प्रयोग गर्न समेत पाइनेछैन । निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा बढीमा दुई वटा दुई पांग्रे वा तीन पांग्रे वा चार पांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चलने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा चारवटा घोडा प्रयोग गर्न सक्नेछन् । स्थानीय प्रशासनले सहयोग नगर्दासम्म यी सबै देखाउनका लागि हुनेछ ।

राजनीतिक दलको प्रचार प्रसारको लागि आफ्नो तर्फबाट दुई जना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनुपर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकोप्टर सेवा प्रयोग गर्न पाउनेछन् । निर्वाचन प्रचार प्रसारका लागि विदेशी नम्बर प्लेटको सवारी साधनलाई अनुमतिपत्र नदिइने आयोगको आचारसंहितामा उल्लेख गरिएको छ । सामाजिक सञ्जालका प्रयोगकर्ताले पालना गर्नुपर्ने आचरणबारे पनि निर्वाचन आयोगले आचारसंहितामा उल्लेख गरेको छ । जसमा सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुनेदेखि अन्य विषय समेटिएको छ । पछिल्लो समयमा सामाजिक संजालबाट आचारसंहिता उल्लंघन हुने गरेको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने । निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा झुटा साइट र एकाउन्ट सञ्चालन गर्न वा गराउन नहुने । सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटीप्पणी गर्न वा गराउन नहुने ।

कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी, गराई सामाजिक सञ्जालमा सेयर वा लाइक वा कमेन्ट गर्न वा गराउन नहुने । कसैको चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानी हुने वा यस्तै प्रकृतिका सामाग्री कुनै स्वरुपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने । आयोगले उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतपरिणामको घोषणा नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न रोक लगाइएको छ ।

अनलाइन, वेब पेज, टिभी स्क्रोलिङ, सपिङ मलमा डिस्पे, कल सेन्टर सञ्चालन, बैंकका एटीएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न वा गराउन नहुने । कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक मेसेन्जर, ट्विटर, भाइवर, युट्युब, इन्स्टाग्राम जस्ता विद्युतीय माध्यम प्रयोग गरी तथ्यहीन सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने आचारसंहितामा छ । यस्लाई पालना गर् सबै तयार हुनुपर्छ । राजनीतिक दल, उमेदवार, संचार माध्यम देखि सरोकार राख्ने सबै जिम्मेवार हुनु आवश्यक छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : मन चञ्चल | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटन प्रवर्द्धनका लागि कला, संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड

**रासस**
**काठमाडौं, ३ चैत**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले कला, संस्कृति भनेको देश चिनाउने गहना भएकाले यसको संरक्षण गर्न आवश्यक रहेको बताउनुभएको छ ।

फागु पूर्णिमा (होली पर्व)का अवसरमा बिहीबार ज्यापु समाज यल ललितपुरले आयोजना गरेको संस्कृतिक कार्यक्रममा मन्त्री आलेले कुनै पनि हालतमा संस्कृति मासिन दिन नहुने बताउनुभयो ।

नेपाल कला र संस्कृतिको धनी भएकाले यहाँ पर्यटक भित्र्याउन तथा पर्यटन प्रवर्द्धनका लागि आफ्नो मौलिक कला, संस्कृतिलाई जोगाएर राख्नुपर्ने उहाँले धारणा राख्नुभयो । कला, संस्कृतिबिना मान्छेको जीवन अधुरो हुने भएको उल्लेख गर्दै मन्त्री आलेले यसको जगेर्ना र संरक्षणका लागि युवापुस्ता अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

पछिल्लो समय विभिन्न मठमन्दिर, धर्मशालालगायत क्षेत्र व्यक्तिगत स्वार्थका लागि अधिग्रहण गर्ने क्रम बढेको भन्दै उहाँले त्यस्ता व्यक्ति र समूहलाई कारबाहीको दायरामा ल्याइने बताउनुभयो । पुरातात्विक महत्वका सम्पदाको संरक्षणका लागि आफू सधैं कटिबद्ध रहेको मन्त्री आलेको भनाइ थियो । नेपालबाट केही समय पहिले चोरी भएका मूर्ति अमेरिका, बेलायत, फ्रान्स, इटालीलगायत देशबाट ल्याइएको उहाँले जानकारी दिनुभयो ।

# अनुशासित बन्न थाल्यो फागु पूर्णिमा (होली)

**-पूर्णप्रसाद मिश्र**
**काठमाडौं, ३ चैत**



केही वर्षअघिसम्म फागु पूर्णिमाका दिन घर बाहिर निस्कनेलाई बाल्टीका बाल्टी पानी खन्याइन्थ्यो । अबिरलगायत रङ दलिन्थ्यो ।

सामान्यतया यो वर्ष अरुको इच्छा विपरीत फागु पूर्णिमाको संस्कृतिका नाममा विकृतिका काम गरेको देखिएन । मानिस आफू आफूमै रमाए । घरपरिवार एवं छरछिमेकीसँग फागु खेले । टीका लगाइदिए । खुसी साटासाट गरे । आपसी सौहार्दता बढाए । फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु पूर्णिमा (होली) पर्व राजधानीलगायत पहाडी र हिमाली जिल्लामा आज अपेक्षाकृत शान्त रुपमा मनाइएको छ । केही वर्षअघिसम्म फागु पूर्णिमा (होली) मा मानिसको इच्छाविपरीत रङ दल्ने, पानीका लोला हान्ने गरिन्थ्यो । केही वर्षअघिदेखि त्यस्तो काम रोकिएको छ । कोरोनाको जोखिम कायमै रहेकाले प्रशासनले शान्त रुपमा पर्व मनाउन आह्वान गरेको थियो । सडकमा फागु खेल्ने प्रायः बालबालिका, युवायुवती थिए । बालबालिकाले पनि विगतमा जस्तो सडकमा हिँड्ने मानिसलाई रङ दल्ने र पानीका लोला हान्ने गरेका छैनन् । गाडी रिजर्भ गरेर होली खेल्दै हिँड्ने मानिसको भीड नगण्य छ । गौशाला चोकमा फागु पर्व मनाइरहेका युवा सन्दीप सिंह चिनजानका साथीभाइबीच मात्र पर्व मनाउने तर सडकमा सवारी र पैदल यात्रा गर्नेलाई केही नगर्ने बताउनुहुन्छ । विशेषगरी युवतीलाई लोलामा पानी भरेर एक हप्ताअघिदेखि नै छ्यापेर मनोवैज्ञानिक रुपमा बाहिर निस्कन नसक्ने वातावरण बनाइन्थ्यो । यस वर्ष फागु पर्वकै दिन पनि सहज रुपमा हिँडडुल गर्न सकेको सडकमा भेटिएका धेरैले बताए । कतै अपवादका रुपमा जबर्जस्दी रङ लगाएपनि फोहर पानीले दुर्व्यवहार गरेको देखिएन । यस पर्वका अवसरमा आज काठमाडौँको वसन्तपुरमा उपस्थित मानिसले विशेष रुमपा होली अर्थात् फागु पूर्णिमा पर्व मनाएका छन् । वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै त्यहाँ गाडिएको चीरलाई बेलुकी विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउँछन् । उक्त चीरमा राखिएका ध्वजापताकाहरू औषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ । फागुन शुक्ल अष्टमीका दिन फागुन २६ गते वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रुखलाई रङ्गीचङ्गी ध्वजपताकासाथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु शुरु भएको थियो । आजै राति टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको दश पाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन छ । त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको मानिन्छ । यसैगरी द्वापर युगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ ।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ । बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौँ रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्व पनि छ ।

फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । यस पर्वका उपलक्ष्यमा आजभोलि रमाइलोका निम्ति गाँजा, भाङ, जाँड-रक्सी जस्ता नशालु पदार्थको सेवन गरी गुन्डागर्दी गर्ने, शरीरमा प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ प्रयोग गर्ने तथा सवार ेसाधनमा समेत लोला हिर्काउने जस्ता विकृति पनि कम हुँदै गएको छ । प्रत्येक वर्ष पहाडी जिल्लामा फागुन शुक्ल पूर्णिमा र तराइका जिल्लामा फागुन कृष्ण प्रतिपदाका दिन फागु पर्व मनाउने गरिन्छ ।

# स्थानीय तहको उम्मेदवारको पेस्की र असुलउपर गर्नुपर्ने बेरुजु फछ्र्योट हुनुपर्ने संरक्षण गर्नुपर्नेमा जोड

**रासस**
**काठमाडौं, ३ चैत**

निर्वाचन आयोगले आसन्न स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्ने स्थानीय तहका पदाधिकारीका नाममा पेस्की बेरुजु भए अनिवार्य फछ्र्योट हुनुपर्ने जनाएको छ ।

निर्वाचन आयोगमा बिहीबारआयोजित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले स्थानीय तहमा उम्मेदवार दिने उम्मेवारको असुलउपर गर्नुपर्ने भए सो पनि फछ्र्योट भएको हुनुपर्ने बताउनुभयो ।

"आसन्न स्थानीय तह निर्वाचनका लागि उम्मेदवार बन्ने हालका स्थानीय तहका पदाधिकारीका नाममा पेस्की बेरुजु भएको भए फछ्र्योट भएको हुनुपर्छ", उहाँले भन्नुभयो, "असुलउपर गर्नुपर्ने गरी किटानीका साथ उल्लेख गरेको बेरुजु छ भने त्यो पनि फछ्र्योट हुनुपर्छ ।" स्थानीय तहका बेरुजु भए पनि उम्मेदार हुने व्यक्तिको पेस्की बेरुजु र असुलउपर हुनुपर्ने बेरुजु फछ्र्योट भएको हुनुपर्ने उहाँको भनाइ छ । आयोगबाट स्वीकृत भएको निर्वाचन आचारसंहिता, २०७८ आज राजपत्रमा प्रकाशित भएको जानकारी दिँदै प्रवक्ता शर्माले आयोगले तोकेको मितिदेखि उक्त आचारसंहिता लागू हुने बताउनुभयो । आचारसंहिता पालनाको अनुगमनका लागि विभिन्न संयन्त्र बनाइएको उल्लेख गर्दै उहाँले आचारसंहिताको उल्लङ्घन गर्ने उम्मेदवारलाई निर्वाचन ऐनअनुसार कारबाही हुने बताउनुभयो । "उम्मेदवारलाई आचारसंहिताको पूर्ण पालना गर्न आयोगले निर्देशन दिन सक्छ, आयोगको निर्देशन पालना नगरे रु एक लाखसम्म जरिवाना हुनसक्छ", प्रवक्ता शर्माले भन्नुभयो, "आचारसंहिता उल्लङ्घनका कारण स्वच्छ, भयरहित र मर्यादित वातावरणमा निर्वाच सम्पन्न गर्न बाधा पुग्ने भएमा आयोगले सम्बन्धित उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्छ ।" निर्वाचनलाई स्वच्छ, मर्यादित र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन आयोग आचारसंहिताको पालना गराउन पूर्ण प्रतिबद्ध रहेको उहाँको भनाइ छ । स्थानीय तह निर्वाचनका लागि आवश्यक मतदाता नामावली, मतदाता परिचयपत्रलगायत निर्वाचन सामग्री छपाइका लागि आज बोलपत्र प्रकाशन गरिएको आयोगले जनाएको छ । आयोगले निर्वाचनमा खटिने जनशक्तिको प्रतिव्यक्ति रु २० लाखको सामूहिक दुर्घटना बीमा गर्न राष्ट्रिय बीमा संस्थानसँग सम्झौता गरिएको जनाएको छ । आयोगले दर्ता भएका राष्ट्रिय मान्यता प्राप्तबाहेकका ७३ राजनीतिक दललाई निर्वाचनमा भाग लिने प्रयोजनका लागि यही चैत ६ गतेभित्र जिल्लास्तरको सङ्गठन संरचनाको विवरण पेश गर्न आग्रह गरेको छ ।

# आउन थाले आरोही

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ चैत**

म्याग्दीस्थित हिमाल आरोहणका लागि पर्यटक आउन थालेका छन् । संसारको सातौं (८,१६७ मिटर) अग्लो धवलागिरि हिमाल आरोहणका लागि पर्यटक आउन थालेका हुन् । यो हिमाल धवलागिरि गाउँपालिका-४ मा पर्छ ।

विदेशी र स्वदेशी आरोही, शेर्पा, पथप्रदर्शक, भरिया र सहयोगी आधार शिविर पुग्न थालेपछि चहलपहल सुरु भएको छ । वसन्तकालीन याममा हिमाल चढ्ने अनुमति लिएका १० जना आरोही हेलिकोप्टर र पैदलयात्रा गरेर आधार शिविरमा पुगेका इटली आधार शिविरका होटल व्यवसायी हरिप्रसाद तिलिजाले बताउनुभयो । "यो यामको पहिलो टोली आधार शिविर आइपुगेका छन्", उहाँले भन्नुभयो, "कोरोना सङ्क्रमणको दर घटेको र कोरोनाविरुद्धको खोपको पहुँच बढेकाले अब पर्यटकीय गतिविधि बढ्ने अपेक्षा छ ।"

इमेजिङ नेपाल ट्रेकमार्फत आएका आरोही ताकमबाट हेलिकोप्टर चढेर आधार शिविर गएका स्थानीयस्तरमा आरोहण टोलीको व्यवस्थापनमा खटिनुभएका इन्द्रसिंह शेरचनले बताउनुभयो । "दश जनाको टोली हेलिकोप्टरबाट धवलागिरि आधार शिविर पुगेका छन्", उहाँले भन्नुभयो, "अन्नपूर्ण हिमाल आरोहणको अनुमति लिएका पर्वतारोही काठमाडौँबाट आउने तयारीमा छन् ।"

अमेरिका, जापान, चीन, क्यानडा, नर्वेलगायत देशका पर्वतारोही धवलागिरि आरोहणका लागि आएका हुन् । गत शरद याममा ४० जनाले धवलागिरि आरोहणका लागि पर्यटन विभागबाट अनुमति लिएका थिए । सन् १९६० मे महिनाको १३ तारिखमा अस्ट्रेलियन नागरिक कुर्ड डिम्बकरले पहिलोपटक धवलागिरि हिमालको आरोहण गर्नुभएको थियो ।

# विकट गाउँमा डिप बोरिङबाट घरघरमा धारा

**पोखरापत्र संवाददाता**
**पर्वत, ३ चैत**

पर्वतको फलेवास नगरपालिका-३ पोखराचौर स्थित विष्टपानीमा डिप बोरिङ गरेर पानी निकालिएको छ ।

सो पानी यहाँका १७ घरमा वितरण गरिएको छ । विष्टपानी नाम भए पनि यो गाउँमा पानीको चरम अभाव थियो । एक हजार २४८ मिटर उचाइको सो गाउँमा १२० मिटर जमिनमुनिबाट पानी निकालिएको छ ।

दिनमा दुई घण्टा पानी तान्दा गाउँलाई दिनभरि पानी पुग्छ । फलेवास नगरपालिकाका नगरप्रमुख पदमपाणी शर्माले उक्त आयोजनाको आज उद्घाटन गर्नुभएको छ ।

फलेवास नगरपालिकाले तीन वर्ष लगाएर यहाँ पानी निकालेको बताउँदै शर्माले अरु ठाउँमा पनि यस्तो आयोजना सुरु गर्न सकिने सम्भावना रहेको बताउनुभयो । नगरपालिकाले यो योजनाका लागि रु ४० लाख खर्चेको छ ।

यसअघि पनि विष्टपानी गाउँमा पानी ल्याउनका लागि धेरै प्रयास भएका छन् । वडाध्यक्ष अर्जुनबहादुर केसीले विष्टपानी जस्तो उच्च स्थानमा जमिनमुनीबाट पानी तान्ने कुरा नमूना काम रहेको चर्चा गर्नुभयो । शङ्करपोखरी पानीको असुविधा भएको गाउँ हो । यहाँ टाढा टाढाका पानीका मुहान र आकाशे पानी सङ्कलन गरेरसमेत पानीको गर्जो टार्ने चलन थियो । यो गाउँमा लमाए खोलाबाट पानी तानेर वितरण गर्ने वृहत लिफ्ट खानेपानी आयोजनाको काम पनि अन्तिम चरणमा रहेको छ ।

पछिल्लो समय चलेका योजनाले भने शङ्करपोखरीवासीले सुविधाको सास फेर्न थालेका छन् । विष्टपानी खानेपानी आयोजनाको उद्घाटन कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष अशोक भुसालले पानीका लागि भएको लामो समयको सास्ती अन्त्य भएकोमा खुसी व्यक्त गर्नुभयो ।

# पोखरा फाइनान्स लिमिटेडको २५ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ३ चैत

पोखरा फाइनान्स लिमिटेडले आफ्नो २५ औं वार्षिकोत्सव मनाएको छ।

पोखरा ९, न्यूरोड, कास्कीमा प्रधान कार्यलय रहेको यस वित्तीय संस्थाले मिति २०५३ साल देखि आफ्नो बैकिङ कारोबार शुभारम्भ गरेको हो । नेपाल अधिराज्यभर सञ्चालित वित्तीय संस्थाहरु मध्ये पोखरा फाइनान्स लि. राष्ट्रिय स्तरको एक स्थापित पुरानो वित्तीय संस्थामा पर्दछ । स्थापनाकालको २५ औ वर्षसम्म आईपुग्दा संस्थाले ठुलो संख्यामा ग्राहकहरुलाई अत्याधुनिक बैकिङ सुविधा सहितको सेवा प्रदान गर्नुका साथै संस्थागत सामाजिक उत्तरदायित्वको कामहरुमा



सहभागी भई सामाजिक कार्यहरुलाई उच्च प्राथमिकता दिदै अगाडी बढीरहेको छ । वित्तीय संस्थाको हाल अधिकृत पुँजी रु १५० करोड रहेको छ भने चुक्ता पुँजी १.०४ अर्व रहेको छ। देशका विभिन्न ठाउँहरुमा शाखा सञ्जाल रहेको वित्तीय संस्थाको हालसम्म २४ वटा शाखा संख्या, १ वटा एक्स्टेन्सन काउन्टर र ४ वटा एटिएम सञ्चालनमा रहेको छ । २५ औ वार्षिकोत्सवको अवसरमा संस्थाले मिति २०७८ चैत्र २ गते प्रधान कार्यलयको प्राङ्गणमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। संस्थाको २५ औ वर्षसम्मको निरन्तर यात्रामा सद्भाव र सहयोग प्रदान गर्नुहुने सम्पुर्ण आदरणीय ग्राहकवर्ग, शेयरधनी महानुभावहरु, शुभेच्छुक, कर्मचारी तथा नियामक निकायहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै वित्तीय संस्था आगामी दिनहरुमा समेत आफ्नो ग्राहकहरुलाई छिटो, छरितो, सुरक्षित एवम् सुदृढ सेवा प्रदान गर्न तत्पर रहेको वित्तीय संस्थाका कार्यकारी प्रमुख रवि चन्द्र गुरुङले जानकारी दिए।

# 'तोरन ल्ह' मनाउँदै थकाली समुदाय

पोखरापत्र संवाददाता
म्याग्दी, ३ चैत

म्याग्दी र मुस्ताङमा बसोबास गर्ने अल्पसङ्ख्यक जनजाति थकाली समुदायमा 'तोरन ल्ह' (फागु पूर्णीमा) पर्वको रौनक छाएको छ।

नेपालका विभिन्न क्षेत्रमा करिब दश हजार जनाको सङ्ख्यामा बसोबास गर्ने थकाली समुदायले फागु पूर्णिमाका अवसरमा हरेक वर्ष तीन दिनसम्म परम्परागत तोरन ल्ह पर्व मनाउने गर्दछन् । तोरन ल्ह मनाउन घरबाहिर र विदेशमा रहेका थकाली समुदाय आफ्नो जन्मथलो फर्कीएका छन् । तोरन ल्हमा थकाली समुदायले घर सिँगार पटार गरेका छन् । फागु पूर्णिमाको अघिल्लो दिन सुरु हुने तोरन ल्ह तीन दिनसम्म मनाउने चलन रहेको थकाली सेवा समिति बेनी क्षेत्रका सचिव योगेन्द्रमान शेरचनले बताउनुभयो।

"तीन दिन सबैरे उठेर चोखो निष्ठ भएर पितृहरूलाई सम्झिएर पूजाआजा गर्ने र फूलप्रसाद चढाउनुपर्छ", शेरचनले भन्नुभयो, "आफन्तलाई बोलाएर मीठा मीठा परिकार खुवाउने र आर्चरी (तारो हान्ने) खेल्ने चलन छ।" मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ थकाली समुदायको उद्गमस्थल मानिन्छ। घरपझोङ र थासाङ गाउँपालिकामा थकाली समुदायको बाहुल्य बसोबास छ । म्याग्दीको दाना, भुरुङ तातोपानी, बेनी, दरवाङलगायत बजार क्षेत्रमा थकाली समुदायको बसोबास छ । परम्परागत तारो हान्ने खेलको संरक्षणका लागि थकाली सेवा समिति बेनी क्षेत्रको आयोजनामा तारा खेल (आर्चरी) सुरु भएको छ।

तारा खेल (धनुषवाण)लाई थकाली समुदायले आफ्नो जातीय पहिचानसँग जोडेका छन् । धार्मिक ग्रन्थमा विभिन्न युद्धमा धनुषवाणको प्रयोग भएको भेटिएकाले यसको विकास मानव समाजको उत्पत्तिकालदेखि नै भएको अनुमान गरिन्छ । कुनै समय युद्धको महत्वपूर्ण हतियार, जङ्गली जनावरको शिकार गर्ने माध्यम धनुषवाणले अहिले खेलकुदको एउटा विधाको रुपमा मान्यता पाएको छ । आर्चरी खेलमा प्रयोग हुने नियम र त्यसका शब्द अल्पसङ्ख्यक थकाली समुदायको भाषासँग मिल्ने हुनाले यसलाई थकाली समुदायले आफ्नो जातीय पहिचानको मानेको थकाली समुदायका अगुवा गोपाल भट्टचनले बताउनुभयो । एउटा समुहमा छ जनासम्म खेलाडी सहभागी भएर खेल्ने आर्चरीमा तिखो वाण र विशेष गरेर बाँसको धनुष प्रयोग हुन्छ । पछिल्लो समय अन्य धातुका समेत धनुष बनाउने गरिएको छ । एक सय देखि डेढ सय मिटरको दूरीमा दुईतर्फ काठका फल्याक राखेर एकबाट अर्को ठाउँतर्फ वाण प्रहार गर्ने र वाण फल्याकभित्रमा कोपिएका आधारमा खेलको मूल्याङ्कन हुन्छ । फल्याकभित्र सानो गोलो आकारको घेराभित्र वाण कोपिएमा खोल पसेको भनिन्छ । खोल आर्चरी खेलमा महत्वपूर्ण उपलब्धि हो ।

# म्याग्दीमा डढेलोको जोखिम बढ्यो

पोखरापत्र संवाददाता
बेनी, ३ चैत

म्याग्दीमा मानवीय लापरवाहीका कारण डढेलोको जोखिम बढ्दै गएको छ। हिउँदका सुख्खायाममा पालुवा पलाउने बाहना र आगोको जथाभावी प्रयोगले वनजङ्गलमा डढेलोको जोखिम बढेको हो। आगलागीका घटनाले वनजङ्गलसँगै, वन्यजन्तु, जडीबुटी र पर्यावरणमा विनाश निम्त्याउने गरेको छ।

डढेलोको क्षति यतिमा मात्रै सीमित छैन, जनधनकोसमेत क्षति हुने जोखिम बढ्दै गएको छ। गत फागुन २४ गते मालिका गाउँपालिका-५ देवीस्थानको जङ्गलमा लागेको आगो निभाउने क्रममा जलेर एक जनाको मृत्यु भयो । भिरखर्क सामुदायिक वनमा लागेको आगो निभाउने क्रममा जलेर करिब २६ वर्षीय मनबहादुर बोहराको घटनास्थलमै मृत्यु भएको थियो भने उनका भाई मनबहादुर सख्त घाइते भएका छन् ।

अस्पतालमा उपचाररत मनबहादुरको अहिले चन्दा सङ्कलन गरी उपचार भइरहेको छ । जङ्गलमा लागेको आगो बस्तीमा आउन थालेपछि आगो निभाउने क्रममा उक्त घटना भएको थियो । अहिले जिल्लाको दर्जनबढी स्थानमा डढेलो लागिसकेको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले मानवीय लापरबाहीका कारण डढेलोको घटना बढ्दै गएको र पूर्वतयारी नहुने, स्रोत साधनको अभावलगायतका कारणले यसले हरेक वर्ष भौतिक र मानवीय क्षति निम्त्याउन थालेको बताउनुभयो ।

"आफ्नो क्षेत्र मात्रै सुरक्षित छ भनेर बस्न मिल्ने अवस्था होइन, एक क्षेत्रमा लागेको डढेलो अर्को ठाउँमा पनि फैलन सक्छ, वनमा लागेको आगो निभाउने आधारभूत सचेतनासमेत फैलाउन जरुरी छ, त्यसमा सुरक्षा निकाय र डिभिजन वन कार्यालयसँगै वन उपभोक्ता समूह र स्थानीय तहलेसमेत तत्परता देखाउनुपर्छ", उहाँले भन्नुभयो । आगलागी नियन्त्रणका लागि संयन्त्र नबन्दा सयौं मानिस रमिते बन्ने गरेको उल्लेख गर्दै उहाँले सानो कमजोरी र सामान्य सावधानी अपनाउन नसक्दा ठूलो क्षति व्यहोर्नुपर्नेतर्फ सबैको ध्यान जानुपर्ने बताउनुहुन्छ। नेपालमा अधिकांश आगलागी मानवीय कमजोरीका कारण सिर्जित हुने गरेको छ । वर्षेनी करिब एक लाख हेक्टर वन क्षेत्रमा डढेलोको असर पुग्ने र त्यसले वनस्पति, वन पैदावार, वन्यजन्तु, जैविक विविधतासँगै जनधनमासमेत क्षति पुऱ्याउने गरेको छ।

प्राकृतिक र आकस्मिकरुपमा समेत वन जङ्गलमा आगलागी हुने भए पनि नेपालमा ८० प्रतिशत वन डढेलो मानव सिर्जित हुने गरेको विभिन्न अध्ययनहरुले देखाएको छ । सुख्खा यामको सुरुआतमै आगलागीले वन जङ्गल उजाड र पहाडका पाखा डढेलोका कारण कालो र नाङ्गो देखिन थालेका छन्। डढेलो हरेक सुक्खायामको एउटा ठूलो समस्या हो । डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले वन डढेलोको घटना बढ्दो क्रममा रहेकाले समुदायस्तरमा वन डढेलोले निम्त्याउने असर र जोखिमबारे सचेतनासँगै जथाभावी आगलागी गराएर डढेलो लगाउने व्यक्तिलाई कानुनी कारबाही हुनेबारेमा समुदायस्तरमा सन्देश फैलाउन आवश्यक रहेको बताउनुभयो। म्याग्दीका अधिकांश वन क्षेत्र भिरालो जमिनमा रहेको, धेरैजसोमा पानीको सहज उपलब्धता नभएका कारण आगलागीका घटनाले ठूलो क्षति निम्त्याउने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार, गत वर्ष एक जना र यो वर्षको फागुन अन्तिम साता एक जनाले डढेलोका कारण ज्यान गुमाएका छन् । गत वर्ष जिल्लामा एक हजार ११७ हेक्टर बढी वन क्षेत्र डढेलोले सखाप पारेको थियो । उक्त वर्षमा बेनी नगरपालिकाको छ, मङ्गला गाउँपालिकाको १०, मालिका गाउँपालिकाको सात, रघुगङ्गा गाउँपालिकाको १०, अन्नपूर्ण गाउँपालिकाको सात र धवलागिरि गाउँपालिकाको छ स्थानका वन क्षेत्रमा डढेलो लागेको थियो। जिल्लामा डढेलो नियन्त्रण र रोकथामका लागि डिभिजन वन कार्यालयले सञ्चारमाध्ययममार्फत सूचना प्रकाशन/प्रसारणसँगै विभिन्न विद्यालयमा विद्यालय शिक्षा र वन उपभोक्ता समूहस्तरमा डढेलो नियन्त्रणसम्बन्धी कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ।

विद्यार्थी हुँदै समुदायमा सचेतना फैलाउने उद्देश्यले यस वर्ष विभिन्न १२ विद्यालयमा डढेलो नियन्त्रणसम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ । कार्यालयले वन्यजन्तुलाई खानेपानीको प्रबन्ध मिलाउन र डढेलो लागेका समयमा आगो नियन्त्रणका लागिसमेत प्रयोग गर्न सघाउने प्रयोजनका लागि यस वर्ष विभिन्न १० वटा सामुदायिक वनमा पोखरीसमेत निर्माण गर्न थालेको जनाइएको छ।

त्यसैगरी समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम, वन डढेलो नियन्त्रण सञ्जाल गठन गर्ने, अग्निरेखा निर्माणलगायतमा सहजीकरण, सुरक्षा निकायलाई आवश्यकपर्ने डढेलो नियन्त्रणका सामग्री सहयोग, पूर्वतयारीसँगै डढेलो लागेमा सुरक्षा निकाय, वन उपभोक्ता समूह, स्थानीय तह र सरोकारवालासँग समन्वयसँगै जनशक्ति परिचालनमा समेत अगुवाइ गरिँदै आइएको डिभिजन वन अधिकृत रानाभाटले जानकारी दिनुभयो । नेपालमा पछिल्लो पाँच वर्षमा गत वर्ष सबैभन्दा धेरै डढेलो लागेको थियो।

गत वर्ष सन २०२१ मार्च २६ का दिन देशका ५४ जिल्लाको ४३७ स्थानमा एकैपटक डढेलो लागेको थियो । डढेलो लगाउनेलाई जरिवाना सहित कैद सजाय हुन भएपनि समुदायबाट सूचना लुकाउने प्रचलनका कारण घटनामा संलग्नको पहिचानमा समस्या हुने गरेको सहायक डिभिजन वन अधिकृत नरबहादुर क्षेत्रीले बताउनुभयो । उहाँका अनुसार, डढेलो लगाउने व्यक्तिलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजारसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ।

# अभाव टार्न बोरिङबाट पानी निकालिँदै

पोखरापत्र संवाददाता
पर्वत, ३ चैत

हिउँदको समयमा खानेपानीको अभाव हुँदै आएको सदरमुकाम कुश्मा बजारमा बोरिङ गरी निकालिएको पानी आपूर्ति गरिने भएको छ । अहिलेसम्म रहेका तीनवटा स्रोतबाट ल्याइएको पानीले माग धान्न सकेको छैन।

गर्मीयाम सुरू भएसँगै बजारमा पानीको अभाव हुँदै आएको छ । त्यसको समाधान गर्न बोरिङ गरी पानी निकाल्ने तयारी गरिएको छ । शिवालय कुश्मा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष रवीकुमार श्रेष्ठका अनुसार कुश्मा नगरपालिका-४ चिलाउने चौतारा नजिकै परीक्षण गर्दा १७० मिटरको गहिराइमा पानी भेटिएको छ। अब एक साताभित्र पानी आपूर्ति गर्ने गरी बोरिङ प्रणालीको काम पूरा गर्ने गरी काम भइरहेको श्रेष्ठले बताउनुभयो । पानी निकाल्न करिब रु ३० लाख खर्चको अनुमान छ । "हामीले बोरिङ गरेर पानी निकाल्न निकै प्रयास गर्दै आएका थियौं, तर पानी निकाल्न सकिएको थिएन, अहिले १७० मिटर गहिराइमा पानी भेटिएको छ, अबको एक हप्तामा काम सकेर त्यहाँको पानी ट्याङ्कीमा ल्याउने लक्ष्य राखेका छौं", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "बोरिङबाट प्रतिसेकेन्ड कम्तीमा छ लिटर पानी निस्कने भएको छ, यसले हिउँदमा पानीको समस्या खेप्दै आएका कुश्मावासीका लागि ठूलो राहत हुनेछ।"

गर्मीयाम नै पानीको माग बढी हुने भए पनि सुख्खापनका कारण यही बेलामा पानीका स्रोतमा मात्रा घट्ने गरेको छ । कुश्मा बजारमा अहिले दैनिक करिब ४० लाख लिटर पानीको माग रहे पनि ३२ लाख लिटर मात्रै आपूर्ति भइरहेको छ । गर्मीयाममा आपूर्ति घटेर २५ लाख लिटरसम्म झर्ने गरेको छ। खानेपानी संस्थाका कार्यालय प्रमुख ज्योतिन्द्र पौडेलका अनुसार मोदी गाउँपालिकाको पातीखोला, कुश्मा नगरपालिकाको केवादीखोला र डम्डारे खोला गरी तीन ठाउँबाट कुश्मा बजारका लागि पानीको आपूर्ति हुने गरेको छ। गत भदौमा वर्षासँगै आएको पहिराका कारण डम्डारे खोलाको आपूर्ति अवरुद्ध भएको छ । त्यहाँबाट प्रतिसेकेन्ड दुई लिटर पानी आउने गरेको थियो । मोदी गाउँपालिकाको पातीखोलाबाट ल्याइएको पाइपमा हिउँद र बर्खा सबै समयमा प्रतिसेकेन्ड १७ लिटर पानीको आपूर्ति हुँदै आएको छ । पानीको मुख्य स्रोतका रूपमा रहेको खुर्कोटको केवादी खोलाबाट प्रतिसेकेन्ड २२ लिटर पानी आउने भए पनि गर्मीयाममा प्रतिसेकेन्ड छ लिटरमा झर्ने गरेको छ। मुख्य स्रोतबाट नै प्रतिसेकेन्ड १६ लिटर कम पानी आउँदा बजारमा अभाव हुने गरेको छ । बोरिङ गरेर पानी निकालिए पनि मागअनुसार पर्याप्त भने हुने छैन। सामान्य अवस्थामा प्रतिसेकेन्ड ४१ लिटर पानीको आपूर्ति हुने गरेको कुश्मामा गर्मीयाममा प्रतिसेकेन्ड २५ लिटर मात्रै पानी आउने गरेको छ। कुश्माबजारमा झण्डै दुई हजार धारा वितरण गरिएको छ।

# नेपाल-युएई संयुक्त समिति बैठक : नेपाली श्रमिकको भर्ना निःशुल्क गर्न युएई सहमत

रासस
काठमाडौं, ३ चैत

नेपाल-युएई संयुक्त समितिको दोस्रो बैठक संयुक्त अरब इमिरेट्स (युएई)को राजधानी आबुधावीमा सम्पन्न भएको छ। आबुधावीस्थित युएईको मानव संशाधन मन्त्रालयमा मङ्गलबार भएको बैठकमा सन् २०१९ मा भएको संयुक्त समितिको पहिलो बैठकका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा भएको थियो।

बैठकमा युएईले नेपाल सरकारले दक्ष जनशक्ति उत्पादन गर्ने ध्येयले स्थापना गर्न लागेको सीप विकास केन्द्रलाई सहयोग गर्ने प्रतिबद्धता गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।

युएईमा रोजगारी गरी नेपाल फर्केका श्रमिकलाई सहयोग गर्ने गरी सञ्चालन हुने पुनःएकीकरण योजनामा नेपाल सरकारको प्रस्तावअनुसार सहयोग गर्ने प्रतिबद्धता पनि युएईले जनाएको छ । युएईमा रहेका नेपालीलाई कामका आधारमा विभिन्न १९ क्षेत्रमा वर्गीकरण गरी त्यसमध्ये पाँचवटा क्षेत्रमा श्रमिक भर्ना प्रक्रिया पूर्णतः निःशुल्क गर्ने गरी 'पाइलट प्रोजेक्ट' अघि बढाउन पनि युएई सहमत भएको मन्त्रालयले जनाएको छ । पहिलेकै रोजगारदातासँग सम्झौता नवीकरण गरी बिदामा स्वदेश आई फर्कने वा पहिलेकै रोजगारदातासँग सम्झौता नवीकरण गरी रोजगारीमा जाने महिलालाई कानुनी शर्त पूरा गरेर पुनः श्रम स्वीकृति दिने सरकारको निर्णयबारे युएई पक्षलाई नेपाली टोलीले जानकारी गराएको थियो। बैठकमा वैदेशिक रोजगारीका क्रममा युएईमा कार्यरत नेपाली श्रमिकको सामाजिक सुरक्षा, कार्यस्थल सुरक्षा, स्वास्थ्य र बीमाको व्यवस्था, सीप विकास, पारिश्रमिक वृद्धिलगायत विषयमा पनि छलफल भएको थियो । रोजगारीको प्रलोभनमा परी 'भिजिट भिसा'मा आएर अलपत्र परेका नेपालीका समस्या समाधानबारे पनि बैठकमा छलफल भएको श्रममन्त्री कृष्णकुमार श्रेष्ठको सचिवालयले जनाएको छ।

युएई जाने नेपाली श्रमिकलक्षित सीपमूलक तालिम सञ्चालन गर्ने, इञ्जीजियर, डाक्टर, नर्सलगायत दक्ष र प्राविधिक क्षेत्रका श्रमिक लैजान देखिएका समस्या समाधान गर्ने, सामाजिक सुरक्षा योजना विस्तार गर्नेलगायत विषयमा पनि छलफल भएको छ । बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व श्रम मन्त्रालयका सहसचिव राजीव पोखरेलले गर्नुभएको थियो। नेपाली प्रतिनिधिमण्डलमा उपसचिव डा थानेश्वर भुसाल र श्रम सहचारी निर्मला थापा सहभागी हुनुहुन्थ्यो । युएईकातर्फबाट त्यहाँका मानव संशाधन मन्त्रालयका सचिव अब्दुल्लाह अलनायमी, अन्तर्राष्ट्रिय सम्बन्ध विभागका निर्देशक अब्दल्लाह अल्सामी, अन्तर्राष्ट्रिय सम्बन्ध विज्ञ राशा सालेह सहभागी हुनुभएको बताइएको छ ।

# आंशिकदेखि सामान्य बदलीको सम्भावना

रासस
काठमाडौं, ३ चैत

विहार तथा आसपासका क्षेत्रमा बनेको निम्नचापीय प्रणालीका कारण देशको पहाडी भूभागमा आंशिकदेखि सामान्य बदलीको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

उक्त प्रणालीका कारण देशका पहाडी भागमा आंशिक बदली र अन्य भागमा मौसम सामान्यतया सफा रहने महाशाखाले औँल्याएको हो । देशभर तापक्रम बढ्ने क्रममा रहेकोले गर्मीका कारण हुनसक्ने असरबाट बच्न सतर्कता अपनाउन अनुरोध गरिएको छ।

# एक लाख ५१ हजारको अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
बागलुङ, ३ चैत

वार्षिक पुण्यतिथिको अवसरमा बागलुङ नगरपालिका-३ स्थित धौलागिरि वीरेन्द्र माध्यामिक विद्यालयमा अक्षयकोष स्थापना गरिएको छ।

बागलुङ नगरपालिका-३ स्थित सोही विद्यालयका पूर्वशिक्षक स्वर्गीय घनश्याम शर्मा र श्रीमती बलावती शर्माको नाममा 'श्री घन बल जेहेन्दार छात्रवृत्ति अक्षय कोष' स्थापना गरिएको छ । विद्यालयमा अध्ययनरत जेहेन्दरा विद्यार्थीलाई छात्रवृत्ति वितरणका लागि स्वर्गीय बाबाको १३औं वार्षिक पुण्य तिथिका अवसरमा विद्यालयमा रु एक लाख ५१ हजारको अक्षयकोष स्थापना गरिएको परिवारले जनाएको छ । विसं २०३५ देखि यस धौलागिरि वीरेन्द्र माध्यामिक विद्यालयमा सेवारत घनश्याम शर्मा विद्यालयमै कार्यरत हुँदाको बखत २०६५ मा निधन भएको थियो । उहाँको स्मृतिमा आमा वलावती शर्माकोसमेत नाम जोडेर अक्षयकोष स्थापना गरिएको छोरा तथा 'श्री घनबल जेहेन्दार छात्रवृत्ति अक्षय कोष' कोषका संरक्षक हिमालप्रसाद शर्माले जानकारी दिनुभयो।

उक्त कोषको व्याजबाट प्रत्येक वर्ष कक्षा १ देखि १२ सम्मका १२ जना विद्यार्थीलाई दुई हजारका दरले छात्रावृत्ति प्रदान गरिने छ। यस्तै पुरस्कार स्थापनाको दिनमा राष्ट्रिय परीक्षा बोर्ड २०७८ मा सर्वाधिक अङ्क ल्याउने तीन जनालाई नगदसहित सम्मान गरिएको थियो।

राष्ट्रिय परीक्षा बोर्ड २०७८ मा विद्यालयको साधारण धारतर्फको शिक्षा सङ्काय अन्तर्गत सर्वाधिक अङ्क ल्याउने मिनाक्षी घर्ती मगर, व्यवस्थापन समूहमा उत्कृष्ट अङ्क ल्याउने लालबहादुर रोका मगर र प्राविधिक धार तर्फ उत्कृष्ट अनुषा शर्मालाई नगद दूई हजारका दरले सम्मानपत्रसहित सम्मान गरिएको थियो।